**गाउँसभाबाट स्वीकृत मितिः**

# आर्थिक वर्ष २०७९।८० को लागि बैतेश्वर गाउँपालिकाको गाउँसभामा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं बैतेश्वर गाउँपालिकाका उपाध्यक्ष कल्पना उप्रेतीले प्रस्तुत गर्नु भएको बजेट बक्तव्य

## मितिः २०७९/०३/१०

## बैतेश्वर गाउँपालिकाको कार्यालय, पाँडुडाँडा, दोलखा

आदरणीय गाउँसभाका अध्यक्ष महोदय, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु यस वैतेश्वर गाँउपालिकाको एघारौ गाउँसभामा यस वैतेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को बजेट कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त खुसी लागेको छ । विगत लामो समय देखी जनताहरुको आफ्नो भाग्य रेखा आफै कोर्न पाउने अवसरको रुपमा जननिर्वाचित संविधान सभाबाट जारी भएको संघीय संरचना अनुरुपको संविधानमा स्थानीय तहको सरकारको तर्फबाट बजेट कार्यक्रम प्रस्तुत भई रहेको छ । विगतमा एकात्मक सरकारका नीति तथा कार्यक्रमबाट निर्देशित मापदण्डका आधारमा योजना तर्जुमा गर्ने अभ्यास गरिएको भएतापनि स्थानीय तहको सरकारबाट बजेट तथा कार्यक्रम प्रस्तुत भई रहेको छ ।

## यस गाउँपालिकाको प्राप्त आयको रुपमा

| क.स. | निकाय | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | संघीय सरकार | समानीकरण अनुदान | १३,३८,००,०००।०० | तेह्र करोड अठ्तीस लाख मात्र । |
| | | सर्शत अनुदान | २०,५७,००,०००।०० | बिस करोड सन्ताउन्न लाख मात्र । |
| | | विषेश अनुदान | १,३०,००,०००।०० | एक करोड तिस लाख मात्र । |
| | | राजश्व बाँडफाँड | ७,७७,११,०००।०० | सात करोड सतहत्तर लाख एघार हजार मात्र । |
| | | समपुरक अनुदान | ७०,००,०००।०० | सत्तरी लाख मात्र । |
| | जम्मा | | ४३,७२,११,०००।०० | त्रिचालिस करोड बहत्तर लाख एघार हजार मात्र । |
| २ | प्रदेश सरकार | समानीकरण अनुदान | १,२९,३५,०००।०० | एक करोड उनान्तीस लाख पैतिस हजार मात्र । |
| | | सर्शत अनुदान | २,५९,८४,०००।०० | दुई करोड उनान्साठी लाख चौरासी हजार मात्र । |
| | | विषेश अनुदान | १,३०,००,०००।०० | एक करोड तीस लाख मात्र । |
| | | राजश्व बाँडफाँड | १,६८,३३,०००।०० | एक करोड अठसठ्ठी लाख तेत्तीस हजार |
| | | समपुरक अनुदान | २,९९,६७,०००।०० | दुई करोड उनान्सय लाख सठसठ्ठी मात्र । |
| | जम्मा | | ९,८७,१९,०००।०० | नौ करोड सतासी लाख उन्नाइस हजार मात्र । |
| ३ | आन्तरीक | संचित कोष | ५०,००,०००।०० | पचास लाख मात्र । |

| | | | | |
|---|---|---|---|---|
| | श्रोत अनुमानित | राजश्व(आन्तरीक आय) | ९५,००,०००।०० | पन्चानब्बे लाख मात्र । |
| | जम्मा | | १,४५,००,०००।०० | एक करोड पैतालिस लाख मात्र । |
| **कुल जम्मा** | | | **५५,०४,३०,०००।००** | **पचपन्न करोड चार लाख तीस हजार मात्र ।** |

**आगामी आर्थिक वर्षको लागि तपसिलका शिर्षकहरुमा निम्नानुसारको रकम विनियोजन गरेको छु ।**

| क.स. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | पूर्वाधार विकास | १०,६०,००,०००। | दश करोड साठी लाख मात्र । |
| २ | सामाजिक तथा सुशासन विकास | ७,३६,३०,००० | सात करोड छत्तीस लाख तिस हजार मात्र । |
| ३ | आर्थिक विकास | ४,६२,००,००० | चार करोड बैसठ्ठी लाख मात्र । |
| ४ | संस्थागत विकास तथा सेवा प्रवाह | ७,८०,००,००० | सात करोड असी लाख मात्र । |
| ५ | वातावरण तथा विपद व्यवस्थापन | १,४९,१६,०००। | एक करोड उनान्चास लाख सोह्र हजार मात्र । |
| ६ | संघ र प्रदेश बाट प्राप्त शर्सत अनुदान | २३,१६,८४,०००। | तेइस करोड सोह्र लाख चौरासी हजार मात्र । |
| जम्मा | | ५५,०४,३०,०००।०० | **पचपन्न करोड चार लाख तीस हजार मात्र ।** |

यस गाउँसभाबाट पारित भएका भौतिक पूर्वाधारका कार्यक्रमहरु कार्यान्वयन गर्नु अघि विस्तृत अध्ययन गरी ड्रइङ्ग, डिजाइन र लागत इष्टिमेट स्वीकृती पछि मात्र कार्यान्वयनमा लिइनेछन ।

यस सम्मानित गाउँसभाबाट स्वीकृत गर्नु पर्ने

आय व्ययको विवरणः अनुसूची - १,

राजस्व तथा अनुदान प्राप्तिको अनुमान अनुसूची -२,

व्यय अनुमान अनुसूची - ३,

वीत्तीय व्यवस्था अनुमान अनुसूची - ४,

कार्यक्षेत्रगत व्यय अनुमान अनुसूची -५,

वार्षिक विकास कार्यक्रम अनुसूची- ६,

वार्षिक विकास कार्यक्रम स्वीकृती फाराम अनुसूची-७

राजस्व र करका दरहरु आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछन र विनियोजनको व्यवस्था विनियोजन ऐनमा भएको व्यवस्था बमोजिम हुनेछ । अन्त्यमा, यस बैतेश्वर गाउँपालिकाको बजेट कार्यकम तयारी गर्न सहयोग गर्ने यस गाउँ कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरु तथा कर्मचारीहरु र सम्वद्ध अन्य पक्षलाई हार्दिक धन्यबाद व्यक्त गर्दै मैले यस गरिमामय सभामा पेश गरेको निति तथा कार्यक्रम स्वीकृति र बजेट तथा कार्यक्रम पेश गरेको गाउँसभाका सदस्यहरुलाई अनुरोध गर्दछु । **धन्यवाद**